**बैठक संख्या : ०६**

आज मिति २०८१।०८।१० गतेका दिन रुरुक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री यदु ज्ञवालीज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठकमा निम्न प्रस्तावमा छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

समय : बिहान ११:०० बजे

स्थान : कार्यपालिका बैठक कक्ष

उपस्थिति

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री यदु ज्ञवाली | |
| २. | उपाध्यक्ष | श्री मिनादेवी गौतम | |
| ३. | सदस्य | श्री नवराज वि.के. | |
| ४. | सदस्य | श्री घनश्याम अर्याल | |
| ५. | सदस्य | श्री शेषनारायण पौडेल | |
| ६. | सदस्य | श्री मोतीप्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री हरीप्रसाद ज्ञवाली | |
| ८. | सदस्य | श्री रोमनाथ पौड्याल | |
| ९. | सदस्य | श्री लक्ष्मी भट्टराई | |
| १०. | सदस्य | श्री हरीकला बराल क्षेत्री | |
| ११. | सदस्य | श्री राजकुमारी शाही | |
| १२. | सदस्य | श्री बुद्धीमती लामिछाने | |
| १३. | सदस्य | श्री दुर्गा विश्वकर्मा | |
| १४. | सदस्य | श्री मिना कुमारी नेपाली | |
| १५. | सचिव | श्री लक्ष्मण पाण्डे | |

बैठक संचालन सहयोगी

ना.सु. श्री रामप्रसाद ज्ञवाली

श्री विष्णु रेश्मी (रोजगार संयोजक)

श्री हेम बहादुर कार्की (अ.प्र.स.)

श्री मीना न्यौपाने (क.प्र.)

**मिति २०८१ मंसिर १० गतेको छैठौं कार्यपालिका बैठकका प्रस्तावहरु:**

१. यसभन्दा अगाडिका बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्बन्धमा ।
२. प्रथम चौमासिक अवधिको आय व्यय विवरण सम्बन्धमा ।
३. बचत बजेटबाट थप कार्य गर्ने सम्बन्धमा ।
४. बलेटक्सार एकिकृत पूर्वाधार निर्माणको DPR तयार गर्ने सम्बन्धमा ।
५. विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रम संचालन कार्यविधि, २०८१ सम्बन्धमा ।
६. ढुङ्गा, गिट्टी, बालुवा आयोजनालाई उपलब्ध गराउने सम्बन्धमा ।
७. शिक्षा समिति र स्वास्थ्य समितिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा ।
८. चक्लाबन्दी कार्यक्रम सम्बन्धमा ।
९. लामाचौपारी मन्दिर जग्गा व्यवस्थापन सम्बन्धमा ।
१०. बन्यजन्तु हेरालु सम्बन्धमा ।
११. बजेट विनियोजन सम्बन्धमा ।
१२. प्रधानमन्त्री रोजगार कार्यक्रमका योजना स्वीकृत सम्बन्धमा ।

CamScanner

## मिति २०८१/०८/१० गतेको छैठौं गाउँकार्यपालिका बैठकका निर्णयहरु

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १. | यस भन्दा अगाडीका कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्थाबारे छलफल तथा समीक्षा गरियो । निर्णयहरु कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो । |
| २. | प्रथम चौमासिक अवधिको आय व्यय विवरण देहाय अनुसार रहेको ।<br>देहाय:<br>जम्मा बजेट रु. ५६ करोड् ९४ लाख ९४ हजार १ सय ५<br>चालु बजेट रु. ३७ करोड ९४ लाख ३४ हजार १ सय ५<br>पहिलो चौमासिकमा चालु खर्च रु. ७ करोड ३० लाख ९९ हजार ८ सय २ (१९.२७ प्रतिशत)<br>पूँजीगत बजेट रु. १९ करोड ६० हजार<br>पहिलो चौमासिकमा पूँजीगत खर्च रु. १ करोड २१ हजार ७ सय ४७ (५.२७ प्रतिशत) |
| ३. | चालु आ.व. को बजेटबाट ठेक्का संझौता भई विनियोजित बजेटमा बचत रहेको देहाय अनुसारका योजनाहरुको यथासिघ्र थप कार्य गर्नुपर्ने भएकोले उक्त योजनाहरुको निर्माण कार्य कोटेसन विधिबाट अगाडी बढाउने । |

| क्र.सं. | योजनाको नाम | ठेक्का संझौता भई बचत रहेको रकम | कैफियत |
|---|---|---|---|
| १. | गुल्मी जिल्ला रुरुक्षेत्र गा.पा. ५ वासुले पोखरी तिलिहार गैरा सडक स्तरोन्नती | ७,४८,४८०।०३ | |
| २. | गुल्मी जिल्ला रुरुक्षेत्र गाउँपालिका वडा नं. ४, ५ र ६ रानीबास काउले रिमुवा जोड्ने सडक स्तरोन्नती | २,१४,७९६।८६ | |
| ३. | गुल्मी जिल्ला रुरुक्षेत्र ३ स्वामीका रुख रातामाटा सडक स्तरोन्नती | ५,६१,४८६।६१ | |
| ४. | गुल्मी जिल्ला रुरुक्षेत्र गा.पा. ४ बलेटक्सार ज्ञवा मा.वि. पहुँचमार्ग सडक स्तरोन्नती | ६,६५,४६७।२१ | |
| ५. | अधुरो स्व. ज्ञानहरी पार्क निर्माण, रुरुक्षेत्र-२ | १,२५,७२३।५९ | |

साथै श्री जनबोध मा.वि. भवन निर्माण शिर्षकमा बचत भएको रकम रु. १४ लाख ६८ हजार ९ सय ८५ रुपैया ८७ पैसा मध्येबाट थप कार्यको लागि शिलबन्दी दरभाउपत्र माग गर्ने र उक्त कार्य पछि बचत रहेको रकमबाट परामर्श सेवा (DPR) को रकम भुक्तानी गर्ने ।

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| ४. | बलेटक्सार एकिकृत पूर्वाधार निर्माणको DPR तयार गर्न परामर्श सेवा खरिद गर्ने । |
| ५. | विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रम संचालन कार्यविधि, २०८१ लाई बैठकमा छलफलको लागि पेश गरियो । थप परिमार्जन सहित आगामी बैठकमा जारी गर्ने । |

CamScanner

| | |
|---|---|
| ६. | विवेक एण्ड कुवर बिल्डर्स प्रा.लि., स्याङ्जाको मिति २०८१ मंसिर ९ गतेको पत्रबाट यस गाउँपालिकाको वडा नं. ५ अन्तर्गत रानीबास टाहाटिम उल्लीखोला सडक स्तरोन्नतीको कार्य गर्दै आएकोमा यस गाउँपालिकाको वडा नं. २ अन्तर्गत पोखरेबगर क्षेत्रबाट ६१,२०१ घन फिट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा) उत्खननको लागि निवेदन पेश गरेकोले उक्त निर्माण कम्पनीलाई रानीबास टाहाटिम उल्लीखोला सडकमा प्रयोग गर्ने गरी माग बमोजिमको परिमाण प्राविधिकबाट नाप जाँच गराई नियमानुसारको रकम दाखिला गराई उत्खनन गर्न दिने । |
| ७. | मिति २०८१ मंसिर ९ गते बसेको स्थानीय स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको बैठक र गाउँ शिक्षा समितिको बैठकका निर्णयहरुलाई स्वीकृत गर्ने । गाउँ शिक्षा समितिले सिफारिस गरेका निर्णयहरु देहाय अनुसार कार्यान्वयन गर्ने ।<br>**देहाय:**<br>(क) विद्यालयका लागि विद्युतिय गाडी खरिद शिर्षकमा विनियोजन भएको रकम रु. ८० लाखबाट वडा नं. १ को रिडी मा.वि. लाई रु. ४० लाख र वडा नं. ४ को ज्वा बलेटक्सार मा.वि. लाई रु. ४० लाख विनियोजन गर्ने । सम्बन्धित विद्यालयले आवश्यक बजेट थप गरी गाउँपालिकाले उपलब्ध गराएको स्पेशिफिकेसन अनुसारको सवारी साधन खरिद गर्ने ।<br>(ख) विद्यालयमा कार्यरत महिला शिक्षकहरु लामो समयसम्म प्रसुति बिदामा बस्दा विद्यालयको शिक्षण सिकाई क्रियाकलापमा प्रत्यक्ष असर पर्ने भएकोले विद्यालयमा २ वा २ भन्दा बढी महिला शिक्षकहरु एकै समयमा बिदा बस्नु परेमा निज शिक्षकको निवेदन, मेडिकल रिपोर्ट, विद्यालय व्यवस्थापन समितिको निर्णय र सम्बन्धित विद्यालयको पत्रको आधारमा ३ महिनाको लागि स्वयंसेवक शिक्षक नियुक्ति गर्न विद्यालयलाई सिफारिस गर्ने । त्यसरी नियुक्ति हुने शिक्षकलाई मासिकरुपमा प्रा.वि. तहको रु. १२ हजार, नि.मा.वि. तहको रु. १५ हजार र मा.वि. तहको रु. २० हजार गाउँपालिकाबाट उपलब्ध गराउने ।<br>(ग) श्री जनजागृति आ.वि., वडा नं. २ को भवन मर्मतको लागि रु. ५० हजार भैपरी आउने पुँजीगत शिर्षकबाट विनियोजन गर्ने । |
| ८. | यस गाउँपालिकाको वडा नं. ५ मा रहेको थाम्कीडाँडाको करिब १०० रोपनी खाली जग्गा चक्लाबन्दी गरेर प्लान्टको कार्य गरी जग्गाको उपयोग गर्ने योजना रहेकोले सो जग्गाको स्थलगत अध्ययन गरी जग्गाको बर्गिकरण सहित चक्लाबन्दी गरी जग्गाको उपयोग गर्नको लागि योजनामा समावेश गरी साझेदारी कार्यक्रम अन्तर्गत यसै बर्ष बजेट व्यवस्था गरी कार्यक्रम अगाडी बढाउन प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, तम्घास, गुल्मीलाई अनुरोध गर्ने । |
| ९. | नेपालको चार धाम मध्येको एक रुरुक्षेत्र धाम रिडीको लामाचौपारीमा रामेश्वरम शालग्राम मन्दिर निर्माणको लागि प्रदेश सरकारबाट **रामेश्वरम शालग्राम मन्दिर निर्माण** शिर्षकमा रु. ५० लाख विनियोजन भएको, उक्त मन्दिर निर्माणको लागि रुरुक्षेत्र-१ को लामाचौपारीमा जग्गा व्यवस्थापन गर्नको लागि वडा अध्यक्ष श्री नबराज वि.के. र वडा सचिव श्री राम प्रसाद ज्ञवालीलाई जिम्मेवारी दिने । |
| १०. | यस गाउँपालिकाको वडा नं. ३ र वडा नं. ४ को दार्सिङ्गबासमा उखु खेती गरिरहेका कृषकहरुलाई बन्यजन्तुले दुःख दिईरहेको, उखु खेती नोक्सानी गरिरहेकोले वडा नं. ३ मा २ जना र वडा नं. ४ मा १ जना गरी ३ जना बन्यजन्तु हेरालु राखी उखु खेतीको संरक्षण गर्ने । |
| ११. | देहायका योजना निर्माणको लागि भैपरी आउने पुँजीगत शिर्षकबाट बजेट विनियोजन गर्ने ।<br>(क) गौतमटोल घोडेटोबाटो योजना निर्माणको लागि रु. २,०५,००० -<br>(ख) गांदी चोक ट्रस निर्माण, रुरुक्षेत्र-४ को लागि लागत अनुमान अनुसारको बजेट व्यवस्था गर्ने । |
| १२. | प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनको लागि वडा कार्यालयहरुबाट स्वीकृत भई पेश भएका देहायका योजना तथा कार्यक्रम कार्यान्वयनको लागि स्वीकृत गर्ने । |

| वडा | योजनाहरु | विनियोजित रकम |
|---|---|---|
| १ | सालबिसौना स्यालपोखरी मो.बा. नाली सरसफाई | रु. १,३६,००० |
| | १ नं. वडाका सबै गो.बा. सरसफाई | रु. २,७२,००० |
| | रिडी बजार विष्णु पञ्जर नाली सरसफाई | रु. १,३६,००० |
| | भ्यूपोइन्ट भ्ःवालेचौर बिरुवा संरक्षण तथा वृक्ष रोपण | रु. २,०४,००० |
| | **जम्मा रकम रु.** | **७,४८,०००/-** |
| २ | भन्ज्याङ पोखरा बेसिकाचौर गो.बा. मर्मत | रु. १,५०,००० |
| | बोहा सिम्ले फाँट कुलो मर्मत | रु. १,००,००० |
| | डुम्रेकारुख तारुकखोला गो.बा. मर्मत | रु. १,००,००० |
| | चाखिनाथ ठुलाखर्क तथा भरेकखोला पोशपाखा गो.बा. मर्मत | रु. १,००,००० |
| | अचम्मेश्वर मन्दिर गो.बा., कोन्द्र कमरीपोखरा तथा गहते घोडेटो बाटो मर्मत | रु. ९४,००० |
| | **जम्मा रकम रु.** | **५,४४,०००/-** |
| ३ | खेल मैदान चिदीखर्क घो.बा. र पोखरी मर्मत | रु. १,३२,००० |
| | क्षेत्रीटोल र बसौंटा सागरपोखरी मो.बा. मर्मत | रु. १,४०,००० |
| | पानीटंकी सेलपोखरी फलाटे फल्लेपिपल मो.बा. नाली सरसफाई | रु. २,७२,००० |
| | फलाटे रह मो.बा. मर्मत | रु. १,३२,००० |
| | वडाका सबै मो.बा. मर्मत | रु. १,४०,००० |
| | **जम्मा रकम रु.** | **८,१६,०००/-** |
| ४ | चौपारी भगवती टोल तथा तल्लागैरा चनकुना गो.बा. निर्माण | रु. २,५०,००० |
| | राजुपानी तथा जुकेखोला पधेरा सरसफाई | रु. १,००,००० |
| | हर्रे चिदी गोरेटो बाटो मर्मत | रु. १,००,००० |
| | ज्ञवा आमपोखरा तथा सारुबारी गो.बा. मर्मत | रु. १,५०,००० |
| | तल्लोटक्सार बलेचौर भडारमान नाली तथा धारापनी कफ्लेरी गो.बा. मर्मत | रु. २,१६,००० |
| | **जम्मा रकम रु.** | **८,१६,०००/-** |
| ५ | रानीवास टाहाटिम उल्लिखोला मो.बा. पक्किनाली सरसफाई | रु. ९०,००० |
| | रानीवास धोबिघाट काउले मो.बा. पक्किनाली सरसफाई | रु. ९०,००० |
| | डुम्रिखर्क छम्दी भ्हो.पु. गो.बा. निर्माण | रु. ९२,००० |
| | भुषलटोल कपासे निमाखर्क तथा आपका रुख खुल्खुला गो.बा. निर्माण | रु. ९०,००० |
| | दमार चिदियार तथा माझिबस्ती भट्टराईडाँडा गो.बा. निर्माण | रु. १,००,००० |
| | कालिकास्थान विलाउनेपानी तागाबास तथा वगाउने जैसीटोल खत्रीटोला टुनिगैरा तागावास गो.बा. निर्माण | रु. १,५०,००० |
| | **जम्मा रकम रु.** | **६,१२,०००/-** |
| ६ | खड्का टोल देखि बम्घाकोट गो.बा. मर्मत तथा बम्घाकोट मन्दिर सरसफाई | रु. १,००,००० |
| | धराखोला देखि जोखेडाँडा सलघारी गो.बा. मर्मत | रु. १,००,००० |
| | हेल्थपोष्ट देखि भ्हारपोखरासम्म गो.बा. मर्मत | रु. ६६,००० |
| | ठुलाखोला देखि पछ्राईपोखरा तथा जुरेढुङ्गा देखि काउछे पिपलसम्म गो.बा. मर्मत | रु. १,००,००० |
| | पर्खालमुनि खार सिद्धथुम भलुवादेखि पुलको मुखसम्म गो.बा. मर्मत | रु. १,५०,००० |

| | | | | |
|---|---|---|---|---|
| | | बडहरेदेखि जलुके पिपलसम्म तथा आटीगैरा थानसल्ला गो.बा मर्मत | रु १,००,००० | |
| | | गराइटुड खेलमैदान ग्याबिन जाली निर्माण (साझेदारीमा) | रु २,००,००० | |
| | | **जम्मा रकम रु.** | **८,१६,०००/-** | |